"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

Khandbari Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

**खाँदबारी,सङखुवासभा**

१ न प्रदेश ,नेपाल

प.सं. (शिक्षा) ०७५।०७६

मिति २०७६।०९।०६

च.नं. ५५४१

विषयः- १ महिने कम्प्युटर अपरेटर कोर्ष तालिममा सहभागी हुने सम्बन्धी खाँदबारी नगरपालिकाको सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब. ०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार युवा लक्षित कार्यक्रम तर्फ लोक सेवा आयोगबाट लिइने राजपत्र अनंकित प्रथम श्रेणी/ सहायक पाँचौं तहको स्वीकृत पाठ्यक्रम बमोजिमको कोर्षको १ महिने प्रशिक्षण कार्यक्रम रहेको हुँदा उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुन चाहाने युवाहरुलाई तपसिलमा उल्लेख गरिएका आधार तथा मापदण्डको अधीनमा रही मिति २०७६। ०९।२० गतेसम्ममा सम्बन्धित वडा कार्यालयहरुमा निबेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका तथा रीतपूर्वकका कागजात नभएका निबेदनहरु स्वीकृत हुने छैन ।

तपसिल

१. कोर्षः- लोकसेवा आयोगबाट लिइने रा.प. अनंकित प्रथम श्रेणी (कम्प्युटर अपरेटरको) पाठ्यक्रम बमोजिमको कम्प्युटर तर्फको मात्र ।

२ .न्यूनतम शैक्षिक योग्यता :-प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरी कम्प्युटरमा diploma (६ महिना) पुरा गरेको हुनुपर्ने ।

३. प्रशिक्षण अवधिः- १ महिना

४. उमेरः- १६ बर्ष उमेर पुरा भई २४ बर्ष ननाघेको ( राष्ट्रिय युवा परिषदबाट युवा भनी तोकिएको उमेर)

५. सहभागी कोटाः- प्रत्येक वार्डबाट १ जना का दरले ११ जना र नगर युवा संजालको सिफारिसमा कम्तिमा २ महिला,१ दलित,१ जनजाती, १ अपांग समेत ५ जना गरी कूल जम्मा १६ जना ।

६. आबेदन दिने अन्तिम मिति र स्थानः- २०७६।०९/२० सम्म सम्बधित वडा समितिको कार्यालय ।

७. अन्तिम नामावली प्रकाशनः- २०७६।०९।२५ गते

८. प्रशिक्षण शुरु हुने मितिः-२०७६।१०।०२ गतेदेखि

.............................

((कोमलप्रसाद धमला)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री नगरप्रमुख ज्यू, खाँदबारी नगरपालिका

श्री नगरउपप्रमुख ज्यू, खाँदबारी नगरपालिका

श्री सबै वडा समितिको कार्यालय, खाँदबारी नगरपालिका :- १(एक) जना सहभागी छनौट गरी नामावली पठाइदिनुहुन

श्री युवा परिषदको कार्यालय, संखुवासभा

श्री नगर युवा सञ्जाल, खाँदबारी- सहभागी छनौट प्रकियामा सहजीकरण गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा,

खाँदबारी नगरकार्यपालिकाको कार्यालय- वेबसाइटमा अपलोड गर्नुहुन ।

फोन नं. ०२९ ५६०१४० १२९ २५० २५४ ४४१ फ्याक्स : ०२९ ५६०१४० २५४